आईसीआरसी/नेरेसो प्रेस विज्ञप्ती नं. १३/००४५६

१४ भाद्र २०७०

नेपाल : परिवारहरूलाई बेपत्ता प्रीयजनको अवस्था थाहा पाउने अधिकार हुन्छ ।

काठमाडौं (आईसीआरसी/नेरेसो) — ३० अगष्ट, अन्तर्राष्ट्रिय बेपत्ता दिवसको सन्दर्भमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) र नेपाल रेडक्रस सोसाइटी (नेरेसो) ले नेपालको १० वर्षे आन्तरिक सशस्त्र द्वन्द्वको अवधि (वि. सं. २०५२ देखि २०६३ सम्म) मा बेपत्ता हुन पुगेका १३६० जना व्यक्तिहरूको सूची प्रकाशित गरेका छन् ।

“नेपालमा बेपत्ता भएका व्यक्तिहरू: अद्यावधिक सूची २०७०” शीर्षकको यो प्रकाशन वि. सं. २०६४ देखि अद्यावधिक गरिंदै आएको छ । हालसम्म बेपत्ता रहेका व्यक्तिहरूको नामावलीका अतिरिक्त यस सूचीमा बेपत्ता रहेका तर अहिले आएर मृत्यु भइ सक्यो भनी भनिएका व्यक्तिहरूको नाम पनि समावेश गरिएको छ । परिवारलाई मृत्यु भइसकेको भनी जानकारी दिइसकेको भए तापनि आफ्ना प्रीयजनको अवशेष कहाँ छ भन्ने बारेमा परिवारहरुलाई अझै जानकारी छैन ।

“अन्तिम यात्रा .. ” नामको वृत्तचित्रको पनि प्रथम प्रर्दशनी गरिएको छ । नेपाली भाषामा बनेको यस वृत्तचित्रमा अंग्रेजी सब–टाइटल राखिएको छ । एक दशकपछि परिवारका सदस्यहरू आफ्ना बेपत्ता प्रियजनको मानव अवशेष भएको भनिएको स्थल सम्मको यात्रामा निक्लन्छन् । त्यहाँ, अन्ततोगत्वा, उनीहरू मृतकहरूप्रति श्रद्धाञ्जली दिन र अन्तिम संस्कार गर्न सक्षम हुन्छन् । वृत्तचित्र अन्तिम यात्रा.. मा यसै यात्राको भावनात्मक क्षणहरू प्रस्तुत गरिएको छ ।

“ ‘नेपालमा बेपत्ता भएका व्यक्तिहरू : अद्यावधिक सूची २०७०’ प्रकाशनको प्रमुख उद्देश्य बेपत्ता भएका १३६० जना व्यक्तिका परिवारहरूले भोग्नुपरेको पीडालाई सार्वजनिक मान्यता प्रदान गर्नु र उनीहरूका आवश्यकता र उनीहरूका बेपत्ता आफन्तहरूलाई के भयो भन्ने जानकारी पाउन पर्ने उनीहरूको अधिकारतर्फ ध्यानाकर्षण गराउनु हो”— आईसीआरसीको काठमाडौं प्रतिनिधिमण्डलका उप–प्रमुख जेरोम फोण्टानाले बताउनुभयो । “वृत्तचित्र अन्तिम यात्रा.. ले आफ्ना प्रियजनलाइ के भएको थियो भन्ने बारेमा बुझ्न हिंडेका परिवारहरूको भावनात्मक यात्रा चित्रित गरेको छ ।”

“नेपाल रेडक्रस सोसाइटी, आइसीआरसीसँग निकट सहकार्य गर्दै बेपत्ता व्यक्तिहरूको सूचीको लागत राख्ने र अद्यावधिक गर्ने काममा शुरुवात देखि नै संलग्न रहेको छ,”—नेपाल रेडक्रस सोसाइटीका महामन्त्री देवरत्न धाख्वाले बताउनुभयो । “हामी बेपत्ता व्यक्तिका परिवारहरूको पीडा महशुश गर्छौं र यस मानवीय अभियानलाई सघाउन हरसम्भव प्रयासहरू गरिरहेका छौं ।”

प्रकाशन आइसीआरसी र नेपाल रेडक्रस सोसाइटीका वेबसाइटहरूमा पाउन सकिन्छ । दुवै संस्थाहरूको नेपालस्थित कार्यलयमा प्रकाशनका मुद्रित प्रतिहरू उपलब्ध छन् । आइसीआरसीको वेबसाइटमा वृत्तचित्र हेर्न अथवा डाउनलोड गर्न पनि सकिन्छ ।

प्रकाशन र वृत्तचित्र देशका विभिन्न भागमा आयोजित समारोहहरूमा लगभग एक हजार व्यक्तिहरूको अगाडि प्रदर्शन गरिएको थियो । उक्त समारोहहरूमा वेपत्ता व्यक्तिहरूका परिवारजन, वेपत्ता परिवार समाज नेपालका प्रतिनिधिहरू, सरकारी अधिकारीहरू, मानव अधिकारवादी संघ संस्थाहरू, नागरिक समाज, संचार, सुरक्षा बलका सदस्यहरू लगायत रेडक्रसमा स्वयंसेवकहरूको उपस्थिति रहेको थियो ।

अन्तर्राष्ट्रिय मानवीय कानूनअनुसार, परिवारजनलाई बेपत्ता भएका व्यक्तिहरूको अवस्थाको स्पष्ट जानकारी पाउने अधिकार हुन्छ । सम्बन्धित निकायहरूले सम्भव भएका सबै उपायहरू अपनाएर बेपत्ता व्यक्तिहरूको अवस्थाको जानकारी उनीहरूका परिवारहरूलाई उपलब्ध गराउनुपर्छ ।

थप जानकारीको लागि, सम्पर्क गर्नुहोस्ः

विनोद काफ्ले, आईसीआरसी, काठमाडौं, फोन +९७७ ९८५१०७४२९५ वा +९७७ १ ४१०७१५७/४१०७२७९

दिव्यराज पौडेल, नेपाल रेडक्रस सोसाइटी, काठमाडौं, फोन +९७७ ९८४१६९९०६८ वा +९७७ १ ४२८५०८९

वा

वेबसाइट www.icrc.org/np अथवा www.nrcs.org मा जानुहोस् ।

आईसीआरसीका भिडियोहरू प्रसारण गुणस्तरमै प्रिभिउ र डाउनलोड गर्नलाई

www.icrcvideonewsroom.org मा जानुहोस् ।

स्वास्थ्यकर्मी र बिरामीहरूमाथि हुने आक्रमणको अन्त्य गर्न आईसीआरसीका गतिविधिहरूका बारेमा जानकारी लिन icrc.org/eng/life-death मा जानुहोस् ।

Facebook.com/icrc र twitter.com/icrc मा आईसीआरसीलाई फलो गर्नुहोस् ।